नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

प.सं. ०७९/८०
चलानी नं. ९०२

मिति: २०७९/०८/२८

**विषय: दरवन्दी सुरक्षित राख्ने सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)

लोक सेवा आयोगको प.सं. २०७९/८० च.नं. ४७९ मिति २०७९/०८/१८ को पत्रबाट रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरी पठाई पदपूर्तिको प्रक्रियामा रहेका पदहरुको दरवन्दी संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कटौती तथा सरुवाद्धारा पदपूर्ति नगरी दरवन्दी सुरक्षित राख्ने व्यवस्था मिलाई दिन आयोगको मिति २०७९/०७/२९ को निर्णयानुसार अनुरोध भई आएको पत्र यसैसाथ संलग्न छ। लोक सेवा आयोगबाट पदपूर्तिको प्रक्रियामा रहेका पदहरुको सम्बन्धित निकायले संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कटौती र सरुवाद्धारा पदपूर्ति भएमा लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भएका कर्मचारीलाई नियुक्ति दिन समस्या हुन जाने भएकोले देहाय बमोजिम हुने व्यवस्थाका लागि सम्बन्धित निकायहरुलाई परिपत्र गर्न यस मन्त्रालय, सचिवस्तर मिति २०७९/०८/२७ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

**देहाय:**

(क) रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरी पठाई पदपूर्तिको प्रक्रियामा रहेका पदहरुको दरवन्दी सुरक्षित राख्ने ।

(ख) रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरी पठाई पदपूर्तिको प्रक्रियामा रहेका राजपत्र अनंकित पदहरु सरुवाद्धारा पदपूर्ति नहुने व्यवस्था मिलाउने ।

**बोधार्थ:**

श्री सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा
श्री सूचना तथा प्रविधि शाखा - (वेभसाइटमा अपलोड गरि दिनुहुन)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(गंगबहादुर थापा)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ........................................
सन्देश सूचना बोर्ड: १६१८०१४२००३०९, इमेल:info@mofaga.gov.npवेबसाइट: http://www.mofaga.gov.np

# लोक सेवा आयोग
## (प्रशासन शाखा)

पत्र संख्याः प्र. ०७९/८०
चलानी संख्याः 869

कमलपोखरी, काठमाडौं
नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 9969
दर्ता मितिः- 8/29

मितिः २०७९।०८।१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

**विषयः दरवन्दी सुरक्षित राख्ने सम्बन्धमा ।**

निजामती सेवा ऐन, २०४९ को दफा ७क. मा निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिना भित्रमा सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिई सोको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्ने उल्लेख छ । चालु आर्थिक बर्षको बजेट बक्तव्यको बुँदा नं. ३७९ मा सरकारी निकायका संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरिने र संघीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० प्रतिशत दरबन्दी कटौति गरिने उल्लेख छ । तहाँ मन्त्रालयबाट विभिन्न निकायहरुमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न परिपत्र समेत भएको अवस्था छ । कतिपय अवस्थामा मागको आकृति फाराम भरी पठाइएका पदहरुमा सरुवाबाट पदपूर्ति हुँदा लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भएका कर्मचारीहरुलाई नियुक्ति दिन समस्या परेको गुनासोहरु प्राप्त हुने गरेका छन् । उल्लेखित पृष्ठभूमीमा देहाय बमोजिम हुन आयोगको मिति २०७९।०७।२९ को निर्णयानुसार अनुरोध छ ।

(क) रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरी पठाई पदपूर्तिको प्रकृयामा रहेका पदहरुको दरवन्दी सुरक्षित राख्ने ।

(ख) रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरी पठाई पदपूर्तिको प्रकृयामा रहेका राजपत्र अनंकित पदहरु सरुवाद्वारा पदपूर्ति नहुने व्यवस्था मिलाउने ।

(बाबुकृष्ण ढकाल)
शाखा अधिकृत